क्षेत्रीय अखबार
# पश्चिम नेपाल

-वर्षः २०, अङ्कः ७४, २०८२ भदौ ११ गते बुधबार (27 Aug., 2025)  -मूल्यः रु. ५।-, -पृष्ठ ४

सुदूरपश्चिममा सर्वाधिक बिक्री हुने पत्रिका

दैनिक

रमाईलो® तपाईंको स्वास्थ्यको साथी

मैदा

बेकरी, म:म: र नुडल्स को लागी न.१

RP Agro Industries (P) Ltd
Godawari - 5, Dhangadhi, Kailali
9801700061/ 9801700011

# शुक्लाफाँटामा नियमित देखिन थाले काठे भालु र हुँडार

**-पश्चिम नेपाल संवाददाता**
**महेन्द्रनगर, १० भदौ**

शुक्लाफाँटा राष्ट्रिय निकुञ्जमा काठे भालु र हुँडार नियमित रुपमा देखिन थालेका छन् । निकुञ्ज कार्यालयका अनुसार गत वर्ष बाघ गणनाका लागि राखिएका स्वचालित क्यामेरामा हुँडार र भालु देखिएका हुन् ।

'बाघ गणनाका लागि राखिएका स्वचालित क्यामेरामा देखिएका छन्, तर कति छन् भन्ने विषयमा गणना भने भएको छैन,' निकुञ्जका संरक्षण अधिकृत पुरुषोत्तम वाग्लेले भने, 'छुट्टै गणना र अध्ययन भने भएको छैन ।' संरक्षण अधिकृत वाग्लेका अनुसार हुँडार चुरे फेँदीको भावर क्षेत्रमा पाइन्छ। बाँके, बर्दिया र शुक्ला कम्पलेक्समा पछिल्लो समय नियमित रूपमा देखा परिरहेको उनले बताए । काठे भालु पनि तराईमा देखिने गरेको छ। भारतको दुधवा राष्ट्रिय निकुञ्जमा काठे भालुको संख्या बढी मात्रामा छ । सोही क्षेत्रबाट यहाँ पनि बढ्न सक्ने अनुमान गरिएको छ ।




शुक्लाफाँटा राष्ट्रिय निकुञ्जमा सन् २०१३ मा हाइना(हुँडार) र काठे भालु देखिएको राष्ट्रिय प्रकृति संरक्षण कोषको शुक्लाफाँटा संरक्षण कार्यक्रमका प्रमुख लक्ष्मीराज जोशीले बताए । उनका अनुसार त्यसपछि बीचमा भने देखिएका थिएनन् । सन् २०२३ पनि भने फेरि नियमित रूपमा देखिन थालेको उनले बताए ।

गत वर्ष नै शुक्लाफाँटा राष्ट्रिय निकुञ्जसँगै जोडिएको ब्रह्मदेव कोरिडोरमा बाघ गणनाका लागि राखिएको क्यामेरामा पनि हाइना देखिएको थियो । उक्त क्षेत्रमा पनि कति हाइना छन् भन्ने विषयमा भने छुट्टै अध्ययन भएको छैन ।

'शुक्लामा प्रजातिगत विविधता बढ्दै गएको छ, यो हाम्रा लागि निकै राम्रो हो,' राष्ट्रिय प्रकृति संरक्षण कोषको शुक्लाफाँटा संरक्षण कार्यक्रमका प्रमुख जोशीले भने, 'सबै प्रजातिको आ-आफ्नो महत्व छ।' ३ सय ५ वर्ग किलोमिटर क्षेत्रफलमा रहेको शुक्लाफाँटा गत वर्ष गरिएको गणना अनुसार ४३ वयस्क बाघ रहेका छन् । क्यामेरा ट्रयापिङ विधिबाट गरिएको गणनामा २१ भाले र १९ पोथी तथा ३ वटा विश्लेषणका आधारमा गरी ४३ वयस्क बाघ भेटिएका हुन् । बाघको घनत्व बढी भएको निकुञ्जका रूपमा पनि शुक्लाफाँटा चिनिन्छ ।

निकुञ्जको विशाल घाँसे मैदानमा देखिने बाह्रसिङ्गाको झुन्ड यहाँको प्रमुख विशेषता हो । ५४ वर्गकिलोमिटर क्षेत्रफलमा फैलिएको घाँसे मैदानमा हजारौंको संख्यामा बाह्रसिङ्गाको बथान देख्न पाइन्छ । २०२३ मा गरिएको गणना अनुसार निकुञ्जमा २३ सय बढी बाह्रसिङ्गा रहेका छन् ।

# भीमदत्तमा दशैं तिहारपछि अवैध संरचना हटाउने कार्य फेरि थालिने


**-पश्चिम नेपाल संवाददाता**
**महेन्द्रनगर, १० भदौ**

भीमदत्त नगरपालिकाका नगर प्रवक्ता पदमराज अवस्थीले नगरपालिका क्षेत्रका अवैध संरचना हटाउने कार्य फेरि सुरु गरिने बताएका छन् ।

दशैं तिहारपछि अवैध संरचना खाली गर्ने कार्य सुरु हुने नगर प्रवक्ता अवस्थीले सामाजिक सञ्जालबाट सार्वजनिक गरेका छन् ।

भीमदत्त नगर विकास समितिको जग्गा अवैध अतिक्रमण गरी निर्माण गरिएका संरचना हटाउने कार्य रोकिएको एक वर्ष बढी पुगेको छ। भीमदत्तले होटेल ओपेरा पछाडिमा संरचना हटाउन सुरु गरी दुई वर्ष अघि अतिक्रमण खाली गर्ने अभियान सुरु गरेको थियो। तत्कालिन गृह मन्त्री रबि लामिछानेले





Padam Raj Awasthi is with Manoj Bhatta and 28 others.
2m

भिमदत नगरपालिका भित्र रहेकाअबैध सरचनाहरु खाली गर्न क्रममा केही सरचना खालिगराउन बाकी रहेकाले केही सरचना हटाउने केही नहटाउनु कार्यप्रती आमजनमानसमा व्यापक असन्तुष्टि रहेकोले नगरपालिका आफ्नो निर्णय प्रती कटिबद्ध रहेको जानकारी गराउदै अबैध सबै सरचना दशै तिहार पर्बको लगतै खाली गराउने कार्य रहेको ले सबै सरोकार वालाहरुमा स्वस्फूर्त रूपमा खाली गरि भि न पा को यश कार्यलाई सहजीकरण गरिदिन हुन अनुरोध गर्दछु खाली गराइएका सरचना मा नगरपालिका को आयस्रोत हुनेगरी बेबस्थित गरेर जाने कुरामा पनि नगर पालिका गम्भीर हुनु जरुरी छ
नगर प्रबक्ता पदम राज अवस्थी

1

देशभर अतिक्रमति सरकारी जग्गा फिर्ता ल्याउने घोषणा गरेपछि भीमदत्तमा अतिक्रमण हटाउने अभियान सुरु भएको थियो। भीमदत्तका नगर प्रवक्ता अवस्थीले हटाउन बाँकी अवैध संरचना हटाउने बताएका हुन्। उनले अवैध संरचना हटाएर खाली गरिएका स्थानलाई प्रयोगका लागि समेत नगरपाकि गम्भीर हुनु पर्ने बताएका छन् ।

## कन्सल्टेन्ट आवश्यकता सम्बन्धी सूचना

प्रकाशित मितिः २०८२ भाद्र ९ गते

निड्स नेपाल, नेपाल सरकारमा दर्ता भएको एक गैर नाफामूलक संस्था, सुदूरपश्चिम प्रदेशका ५ जिल्लाका १० वटा स्थानीय तहमा **UNICEF** र **EU** को आर्थिक सहयोगमा सामाजिक सुरक्षा तथा बालमैत्री स्थानिय शासन र अपाङ्गता सुदृढीकरण (**Strengthening Social Protection, and Child Friendly Local governance and Disability** ) कार्यक्रम सञ्चालन गर्दै आएरहेको छ ।

यस संस्थाले स्थानिय तहमा योजना तर्जुमा तथा बजेट निर्माण प्रकृयामा नागरिक संलग्नतामा प्रवर्द्धन गर्दै स्थानीय तहसँगको सहकार्यमा उपयुक्त ढाँचामा आधारित नागरिक बजेट निमार्ण गर्नका लागि योग्य व्यक्तिगत कन्सल्टेन्ट वा कन्सल्टेन्ट फर्म आवश्यक परेको छ ।

**कन्सल्टेन्टसेवाको कार्यक्षेत्र**

-नागरिक बजेट निर्माणका लागि स्थानीय सरकारहरूसँग समन्वय तथा सहकार्य
-नागरिक बजेटको निर्माण तथा प्रस्तुतीकरण

**आवश्यक योग्यता**

-सामाजिक विज्ञान, शिक्षा वा सम्बन्धित विषयमा स्नातकोत्तर डिग्री
-स्थानीय बजेट योजना, सुशासन र सार्वजनिक वित्तमा कम्तीमा ५ वर्षको अनुभव
-सार्वजनिक वित्त, नागरिक संलग्नता र बजेट योजना तर्जुमा प्रकृयाको७ वटा चरणको गहिरो ज्ञान, -स्थानीय सरकारसँग सहकार्य वा अनुभव, -उत्कृष्ट लेखन र सम्पादन क्षमता
-नेपाली भाषामा राम्रो दक्षता भएको, -सरकारी निकायसँग काम गर्ने अनुभव
-यससँग सम्बन्धित कामको नमूना, -वैधानिक रूपमा पान वा भ्याटमा दर्ता भएको

**प्रस्तावना पेश गर्ने प्रक्रिया**

-प्राविधिक र वित्तीय प्रस्ताव
-फर्मको कभर लेटरमा काम गर्न इन्छुक भएको निवेदन
-संस्थागत प्रोफाइल
-कम्पनी दर्ता प्रमाणापत्र, कर चुक्ता प्रमाणपत्र,पान वा भ्याट दर्ता प्रमाणपत्रको प्रतिलिपि

**सम्पर्क जानकारी**

**निड्स नेपालको केन्द्रिय कार्यालय, भीमदत्त नगरपालिका, वडा न. १८,महेन्द्रनगर, कञ्चनपुर र प्रदेश कार्यालय, धनगढी उपमहानगरपालिका, वडा न. ३, चटकपुर, धनगढी, कैलाली**

**इमेल**: needsprocurement@gmail.com
**सम्पर्क नम्बर**: ०९९-४१८१५० मोवाइल न.९८४१४६३४४५
**प्रस्तावना पेश गर्ने अन्तिम मिति**: २०८२ भाद्र १८ गते
**इच्छुक व्यक्ति वा कन्सल्टेन्टफर्मले तलको QR code बाट ToR प्राप्त गर्न सक्नुहुनेछ ।**

SCAN ME

नोट : निड्स नेपालकाको बाल सुरक्षा तथा सुरक्षित कार्यस्थल नीति अन्तर्गत सबै कन्सल्टेन्टले यौन शोषण तथा दुर्व्यवहारको रोकथामसम्बन्धी नीतिको पालना गर्नुपर्नेछ ।

## सुदूरपश्चिम विश्वविद्यालय
केन्द्रीय कार्यालय
महेन्द्रनगर, कञ्चनपुर

**स्नातक तह प्रथम सेमेस्टरमा विद्यार्थी भर्ना सम्बन्धी सूचना ।**

(दोस्रो पटक सूचना प्रकाशित मितिः २०८२/०४/१५)

सुदूरपश्चिम विश्वविद्यालयका विभिन्न सङ्कायतर्फ सेमेस्टर प्रणालीमा आधारित स्नातक तहका निम्न अनुसारका शैक्षिक कार्यक्रमहरूमा शैक्षिक सत्र २०८२/८३ का लागि विद्यार्थी भर्नाको कार्यक्रम निम्नानुसार रहेको बेहोरा जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

| सङ्कायहरू | शैक्षिक कार्यक्रमहरू | प्रवेश परीक्षा तथा भर्ना कार्यक्रम |
|---|---|---|
| मानविकी तथा सामाजिक शास्त्र | B.A., BCA | १. प्रवेश परीक्षा आवेदन फारम वितरणः २०८२ साउन तेस्रो हप्तादेखि |
| व्यवस्थापन | BBA, BBS / BHM | २. प्रवेश परीक्षा सञ्चालनः २०८२ भदौ तेस्रो हप्तादेखि (सम्बन्धित डीन कार्यालयद्वारा तोकिएको मिति अनुसार) । |
| शिक्षाशास्त्र | B.Ed./B.Ed. CSIT | |
| विज्ञान तथा प्रविधि | B.Sc./B.Sc. CSIT, BIT | ३. विद्यार्थी भर्ना कार्यक्रमः २०८२ भाद्र तेस्रो हप्तादेखि (सम्बन्धित डीन कार्यालयद्वारा तोकिएको मिति अनुसार) । |
| इन्जिनियरिङ | B.E. Civil, B.E. Computer/B.Arch. | |
| कानून | B.A. LL.B | ४. पठनपाठन प्रारम्भः २०८२ कात्तिक तेस्रो हप्तादेखि । |
| कृषि विज्ञान | B.Sc. Ag. | ५. सत्रान्त परीक्षाः २०८२ चैत दोस्रो हप्ता |
| प्राकृतिक स्रोत व्यवस्थापन | B.Sc. Forestry | ६. नतिजा प्रकाशन क्रमशः २०८३ जेठ महिनाभित्र |

स्वास्थ्य विज्ञान सङ्काय तर्फको भर्ना कार्यक्रम चिकित्सा शिक्षा आयोगको सूचना अनुसार हुनेछ । अन्य विस्तृत जानकारीका लागि सम्बन्धित डीन कार्यालय/केन्द्रीय विभाग/क्याम्पसहरूमा सम्पर्क गर्न सकिनेछ ।

रजिस्ट्रार

# भारत र नेपालका सुरक्षा अधिकारीबिच सीमा बैठक सम्पन्न



**–पश्चिम नेपाल संवाददाता**
**दार्चुला, १० भदौ**

नेपाल र भारतका सुरक्षा अधिकारीबिच खलङ्गामा सोमवार सीमा समन्वयात्मक बैठक सम्पन्न भएको छ । सशस्त्र प्रहरी बल, नेपाल नम्बर ७ वैद्यनाथ वाहिनी मुख्यालय कैलालीको आयोजनामा भारतीय सशस्त्र सीमा बल र सशस्त्र प्रहरी बल नेपालका डिआइजी स्तरीय सीमा समन्वयात्मक बैठक (काउन्टर पार्ट कोर्डिनेशन मिटिङ) सम्पन्न भएको सशस्त्र प्रहरी बल नेपाल नम्बर ४४ गण हेडक्वाटर दार्चुलाका गणपति देवराज जोशीले जानकारी दिए ।

बैठकमा दुवै पक्षले आआफ्नो जिम्मेवारी, क्षेत्रभित्रको विद्यमान सुरक्षा परिस्थिति र सम्भावित खतराबारे समीक्षा गरिएको उनले बताए । सीमा क्षेत्रमा हुने विभिन्न किसिमका अवैध गतिविधि, चोरी तस्करी, लागूऔषध ओसारपसार, मानव बेचबिखन र अन्य आपराधिक गतिविधिहरू दुवै देशका सुरक्षाकर्मी मिलेर नियन्त्रण गर्ने सहमति भएको उनले बताए ।

बैठकमा सीमा क्षेत्रका सम्भावित आपराधिक गतिविधिहरूको बारेमा विभिन्न तहमा सूचना आदानप्रदानलाई प्रभावकारी बनाउने, क्षतिग्रस्त वा हराएका सीमा स्तम्भको अभिलेख अद्यावधिक गरी मर्मत सम्भार, संरक्षण र पुनःस्थापना अघि बढाउन सम्बन्धित कार्यालयमा प्रतिवेदन गर्ने, सीमा क्षेत्रका नागरिकको आवागमनलाई सहज र सौहार्द बनाउन प्रयत्न गर्ने सहमति भएको जनाइएको छ ।

बैठकमा सशस्त्र प्रहरी बल नेपाल नम्बर ७ वैद्यनाथ वाहिनी मुख्यालयका कैलालीका वाहिनीपति प्रदीपकुमार पाल, कैलाली, कञ्चनपुर, दार्चुलाका गणपति, बैतडी, डडेल्धुरा र दार्चुलाको छाङ्रुका गुल्मपति र भारत अल्मोडाका डीआइजी सुधाम्सु नौटियाल र पिलिभितका डीआइजी अनिलकुमार शर्मा लगायत १० जनाको उपस्थिति रहेको थियो ।

# सुदूरपश्चिममा भ्रष्टाचार बिरुद्ध उजुरी बढ्यो, अख्तियारलाई हम्मेहम्मे




**–पश्चिम नेपाल संवाददाता**
**महेन्द्रनगर, १० भदौ**

सुदूरपश्चिमका सरकारी कार्यालयमा भ्रष्टाचार बढिरहेको भन्दै अख्तियारमा उजुरी बढिरहेका छन । प्रदेशका तीनै तहका सरकारका कार्यालय, प्रदेश सरकारका मन्त्रालय, पालिका सरकार सहितका कार्यालयमा मनलाग्दी भ्रष्टाचारदेखि सेटिङ्गमा भ्रष्टाचार नरोकिएको भन्दै उजुरी निरन्तर बढिरहेका छन । सुदूरमा भ्रष्टाचारले सीमा नाग्दा नियन्त्रण गर्न अख्तियार लाई हम्मेहम्मे भएको छ ।

परेका उजुरी मध्ये अख्तियार दुरुपयोग अनुसन्धान आयोगले सुदूरपश्चिममा ६४ वटा उजुरीमाथि विस्तृत अनुसन्धान सुरु गरेको जनाएको छ । महेन्द्रनगरमा रहेको अख्तियारको क्षेत्रीय कार्यालयले सुदूरपश्मिचमा विभिन्न उजुरीमाथि छानविन गरी विस्तृत अनुसन्धान सुरु गरेको हो ।

आयोगको कञ्चनपुर कार्यालयका सूचना अधिकारी चेतराज भट्टले गत आर्थिक वर्षमा अख्तियार दुरुपयोग तथा अनियमिता सम्बन्धी एक हजार ६९६ उजुरी परेको बताए । उनका अनुसार त्यसमा ४८९ उजुरी अघिल्लो आर्थिक वर्षको जिम्मेवारी सरेर आएका हुन् भने एक हजार १९८ नयाँ दर्ता भएका हुन ।

आयोगको महेन्द्रनगरस्थित कार्यालयको तथ्याङ्कअनुसार सबैभन्दा बढी ४०४ उजुरी कैलालीका छन् भने सबैभन्दा कम डडेल्धुराका ११० उजुरी परेका छन् । त्यस्तै दर्ता भएका उजुरीमा कञ्चनपुरका २४६, अछामका २१०, बाजुराका १९५, बझाङका ११७, अछामका २१०, डोटीका १०४, बैतडीका १६१ र दार्चुलाका १४९ उजुरी रहेको कार्यालयको तथ्याङ्क छ । आयोगमा परेका उजुरीमध्ये करिब ५० प्रतिशत उजुरी स्थानीय तहसँग सम्बन्धित रहेको सूचना अधिकारी भट्टको भनाइ छ ।

अछाम र बैतडीका १३/१३ उजुरीमाथि विस्तृत अनुसन्धान भइरहेको छ भने बाजुरा, बझाङ र कञ्चनपुरमा समान छ/छ वटा उजुरीउपर विस्तृत अनुसन्धान चलिरहेको आयोगले जनाएको छ ।

त्यस्तै कैलालीका नौ, दार्चुलाका सात, डोटीका तीन र डडेल्धुराको एक उजुरीमाथि पनि विस्तृत अनुसन्धान हुँदै छ । विस्तृत अनुसन्धानपछि अनियमितता पुष्टि भए आयोगले विशेष अदालतमा मुद्दा दायर गर्नेछ । आयोगमा पर्ने अधिकांश उजुरी आशङ्का, व्यक्तिगत टकरावका कारण पनि आउने गरेको आवश्यक प्रमाण नभेटिँदा आयोगले स्क्रिनिङ्ग र प्रारम्भिक अनुसन्धानबाटै फछ्र्योट गर्ने गरेको छ । आयोगले गत आवमा दर्ता भएका उजुरीमध्ये एक हजार २३४ उजुरी फछ्र्यौट गरिएको छ ।

स्क्रिनिङ्गबाट ४८१, प्रारम्भिक छानबिनबाट ७५३ उजुरी फछ्र्यौट गरिएको आयोगको कञ्चनपुर कार्यालयले जनाएको छ । साथै आयोगले ७३५ उजुरी तामेलिमा पठाएको छ भने दुई उजुरी सुझावसहित तामेली, २६० उजुरी आवश्यक कारबाहीका लागि सम्बन्धित निकायलाई लेखि पठाएको र १७२ उजुरी अन्यमा गाभिएका छन । नागरिकले परेका उजुरी मध्ये सबैमाथि छानबिन गरेर दोषि उपर कार्बाहीको माग अघि सार्दै आएका छन ।

# सुदूरपश्चिममा छ ओटा इलाका प्रशासन थपिदै

**–पश्चिम नेपाल संवाददाता**
**महेन्द्रनगर, ११ भदौ**

गृह मन्त्रालयले सदरमुकामको सास्ती अन्त्य गर्न सुदूरपश्चिम प्रदेशमा छ वटा नयाँ इलाका प्रशासन कार्यालय खोल्ने तयारी गरेको छ । दरबन्दी नबढाइ विद्यमान स्रोत प्रयोग गर्ने योजना सहित देशभरी २३ वटा इलाका प्रशासन कार्यालय खोल्ने तयारी भएकोमा सुदूरपश्चिम प्रदेशमा छ वटा परेका हुन् ।

बाजुरामा इलाका प्रशासन कार्यालय कोल्टी, बझाङमा इलाका प्रशासन कार्यालय देउरा, अछाममा इलाका प्रशासन कार्यालय साँफेबगर, डोटीमा इलाका प्रशासन कार्यालय विपिनगर, दार्चुलामा इलाका प्रशासन कार्यालय गोकुलेश्वर र बैतडीमा इलाका प्रशासन कार्यालय मेलौली थप्ने योजना गृह मन्त्रालयको छ । ग्रामीण भेगमा रहेका नागरिकलाई प्रशासनिक सेवा सहज रूपमा उपलब्ध गराउने उद्देश्यले नयाँ इलाका प्रशासन कार्यालय स्थापना गर्ने प्रस्ताव मन्त्रीपरिषद्मा पेस भएको हो ।

संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदनको आधारमा गृह मन्त्रालयले उक्त प्रस्ताव मन्त्रीपरिषद्मा पेस गरेको हो । सोमवारको मन्त्रीपरिषद्ले गृह मन्त्रालयको प्रस्ताव स्वीकृत गर्दै मन्त्रीपरिषद्को प्रशासन समितिमा पठाएको छ ।

दरबन्दी वृद्धि नगरी विद्यमान स्रोतको अधिकतम प्रयोग, स्थानगत आवश्यकता र स्थानी तहसँगको समन्वयमा सेवा प्रवाहलाई प्रभावकारी बनाउने योजना गृह मन्त्रालयको छ । नागरिकता, राहदानी, राष्ट्रिय परिचय पत्र, विपद् व्यवस्थापन, सार्वजनिक सुरक्षा लगायताका सेवा स्थानीय तहसम्म पुऱ्याउन इलाका प्रशासन कार्यालयको भूमिका अपरिहार्य मानिएको छ ।

छानको बालुवा र गिट्टी चाहिएमा ।



यस सिद्धनाथ उदयदेव अनमोल क्रसर उद्योगले अत्याधुनिक प्रविधियुक्त मेसिन बाट प्रशोधित उच्चस्तरिय महाकाली नदीको गिट्टी बालुवा, जीरा अब बजार रेट भन्दा सस्तो सर्वसुलभ गुणस्तरीय उत्पादन सुरु भएको जानकारी गराउँदछौं । साथै एकपटक सेवाको मौका दिनुहोस ।

हाम्रा उत्पादनहरू
बेश 40 m.m, 20 m.m. Down, 12 m.m. Down, 6m.m. जीरा, 15 m.m. Natural

सिद्धनाथ उदयदेव अनमोल क्रसर उद्योग
वेदकोट-९, सुन्दरपुर, कञ्चनपुर
सम्पर्क नं. ९८५११४०६३६, ९८५१०१८०७८, ९८५८७५००९८, ९८४८८७८६७७

Marching towards Perfection
MORNING GLORY
SECONDARY SCHOOL

ADMISSION OPEN FOR GRADE XI -2082



SMART TECHNOLOGY
DYNAMIC TEAM WORK
BEST QUALITY EDUCATION
CREATIVE LEARNING
ADVANCED PROGRAM



Our Features:
- Innovative Teaching Methods
- Multimedia Classes
- Free Extra Classes Throughout the year
- Educational Excursion Programs
- Orientation of MBBS, Engineering, CA
- Experienced Teachers
- Updated Laboratories



SCIENCE | MANAGEMENT | LAW

Bheemdatt Municipality-18, Janakitole, Kanchanpur
+977 99 520666, 524772
morningglory.edu.np
glorymng30@gmail.com

## सुदूरपश्चिम विश्वविद्यालय
### केन्द्रीय क्याम्पस
# शिक्षाशास्त्र केन्द्रीय विभाग
**महेन्द्रनगर, कञ्चनपुर**

## स्नातक तह प्रथम सेमेस्टरमा विद्यार्थी भर्ना सम्बन्धमा

*मिति २०८२/०४/२०*

सुदूरपश्चिम विश्वविद्यालय, केन्द्रीय क्याम्पस, शिक्षाशास्त्र केन्द्रीय विभाग, महेन्द्रनगर, कंचनपुरमा संचालित स्नातक तह वि.एड. कार्यक्रममा सेमेस्टर प्रणाली अन्तर्गत शैक्षिक सत्र २०८२/०८३ का लागि नेपाली शिक्षा, अङ्ग्रेजी शिक्षा, स्वास्थ्य तथा शारीरिक शिक्षा, गणित शिक्षा र वि.एड. CSIT विषयमा नयाँ विद्यार्थी भर्ना कार्यक्रम तपसिल अनुसार रहेको व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकासित गरिएको छ ।

**तपसिलः**

| क्र.सं | विवरण | मिति |
|---|---|---|
| १. | प्रवेश परीक्षा आवेदन फाराम वितरण | २०८२ श्रावण २० गतेदेखि २०८२ भाद्र २६ गते सम्म |
| २ | प्रवेश परीक्षा संचालन | २०८२ भाद्र २८ गते दिउसो १:०० बजेदेखि |
| ३ | प्रवेश परीक्षाको नतिजा प्रकासन | २०८२ भाद्र ३१ गते |
| ४ | विद्यार्थी भर्ना कार्यक्रम | २०८२ साल असोज १ गते देखि कार्तिक १३ गतेसम्म |
| ५ | कक्षा संचालन | २०८२ कार्तिक १६ गतेदेखि |

**नोटः**
- B.Ed. CSIT कार्यक्रममा सिट संख्या ५० जना मात्र ।
- फारम शुल्कः रु १०००/- (नेपाली शिक्षा, अङ्ग्रेजी शिक्षा, स्वास्थ्य तथा शारीरिक शिक्षा र गणित शिक्षा)
- फारम शुल्कः रु १५००/- (वि.एड. CSIT)
- नेपाल बैक लिमिटेडको खाता नं. 15600106675982000001 मा जम्मा गर्नु पर्नेछ ।

**आवश्यक प्रमाणपत्रहरुः**
- SLC.SEE / HSEB/NEB उत्तिर्ण गरेका शैक्षिक प्रमाणपत्रहरुको (Marksheet (१० र ११) Transcript, Transfer, Character र Provisional Certificate) को प्रमाणित प्रतिलीपिहरुको १ सेट ।
- हालसालै खिचेको फोटो २ प्रति
- स्नातक तहको प्रवेश परीक्षामा सामेल हुनका लागि Transcript मा B.Ed. CSIT अध्ययनको लागि CGPA १.८ वा ४५ प्रतिसत भन्दा माथि र अन्य विषयको लागि CGPA १.६ वा ४० प्रतिसत भन्दा माथि भएको हुनु पर्नेछ ।

विभागीय प्रमुख

# दिपायल सिलगढीमा लोपोन्मुख अवस्थामा रहेको कपास फुल्यो

**–पश्चिम नेपाल संवाददाता**
**डोटी, १० भदौ**

सुदूरपश्चिम प्रदेशको डोटीस्थित दिपायल सिलगढी नगरपालिकाले लोपोन्मुख अवस्थामा पुगेको कपास खेतीलाई पुनरुत्थान गर्ने महत्त्वाकाङ्क्षी परियोजनाको थालनी गरेको छ । यस अभियानको अग्रदूतका रूपमा शैलेश्वरी र प्रस्तावित जुनतारा कृषि समूहले वार्षिक २ लाख रुपैयाँ भाडा तिरेर सुदूरपश्चिम प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान पुन्नाको ४६ रोपनी जमिनमा व्यावसायिक कपास खेती सुरु गरेका छन् । प्रस्तावित जुनतारा कृषि समूहकी अध्यक्ष जमुना खड्काका अनुसार वैशाखमा सामूहिक रूपमा सुरु गरिएको कपास खेती साउन/भदौ महिनामा फुल्न थालेपछि समूहमा खुसी छाएको छ ।




यस परियोजनालाई सफल बनाउन विभिन्न संघ-संस्थाको महत्वपूर्ण सहयोग प्राप्त भएको दिपायल सिलगढी नगरपालिका प्रमुख प्रशासकीय अधिकृत शंकर शुचिकारले बताए । कृषि ज्ञान केन्द्र डोटीले हाते ट्याक्टर प्रदान गरेको छ भने युरोपियन युनियनको आर्थिक सहयोगमा सञ्चालित सशक्त महिला समृद्ध नेपाल कार्यक्रम अन्तर्गत युएन-वोमेन र आसमान नेपालको प्राविधिक सहयोग रहेको छ । दिपायल सिलगढी नगरपालिकाको समन्वयमा ३ दिने कपास खेती तालिम दिइएको थियो।तालिम प्राप्त भएपछि शैलेश्वर महिला कृषक समूह र हाल प्रस्तावित जुनतारा समूहले कपास खेती लगाउने आट गरेका हुन । आसमान नेपालबाट बिउपुजी स्वरुप २ लाख सहयोग प्रदान गरिएको आसमान नेपालका प्रदेश संयोजक सुजन नेपालीले बताए । कपासको बीउ र आवश्यक सहयोग दिपायल सिलगढी नगरपालिकाको कृषि शाखाबाट प्राप्त भएको अध्यक्ष जमुना खड्काले बताइन ।

कपास उत्पादन भएपछि बजारको चिन्ता नरहेको र नगरपालिका आफैँले उत्पादन खरिद गर्ने जिम्मा लिने भएको छ । नगर प्रमुख विजय खड्काले कपास खेतीलाई ‘सपनाको बारी’ को संज्ञा दिँदै यसबाट दिपायल सिलगढी नगरपालिका सिरक र डसना उत्पादनमा आत्मनिर्भर बन्ने विश्वास व्यक्त गरे। नगर प्रमुख खड्काले यो वर्ष कपास खेतीको सुरुवात मात्र गरिएको र आगामी वर्षहरूमा यसलाई कृषकहरू माझ अझ वृहत् रूपमा विस्तार गरिने योजना रहेको बताए ।

सुदूरपश्चिम प्रदेशका ८८ वटा स्थानीय तहमध्ये दिपायल सिलगढी नगरपालिकाले सम्भवत: डोटीमा पहिलो पटक कपास खेती सुरु गरेको हो । सिरक र डसना उत्पादनमा नगर आत्मनिर्भर हुन सकेमा ठूलो धनराशि नगरभित्रै रोकिने नगरपालिकाको ठहर छ । मुलुक सङ्घीयतामा आएपछि लोपोन्मुख अवस्थामा पुगेको कपास खेतीलाई जगेर्ना गर्ने उद्देश्य दिपायल सिलगढी नगरपालिकाको प्रयास सराहनीय मानिएको छ ।

# झोलुङ्गे पुल बनेपछि मोहनपुरवासीलाई राहत

**–पश्चिम नेपाल संवाददाता**
**धनगढी, १० भदौ**

कैलालीको कैलारी गाउँपालिका-३ मोहनपुर र वडा नम्बर ४ भितरीया सिमानामा रहेको मोहना नदीमा झोलुङ्गे पुल बनेपछि स्थानीयलाई राहत भएको छ ।

मोहना नदी पारी मोहनपुर र वारी भितरीया गाउँ छ। मोहनपुरमा हाल ९५ परिवारका पाँच सय २५ जना मानिसको बसोबास छ । विसं २०३६ मा बसोबास रहेका यहाँका स्थानीयलाई कुनै पनि काम गर्नको लागि नदी ओहोरदोहोर गर्नुपर्ने बाध्यता थियो ।

झोलुङ्गे पुल निर्माणसँगै यहाँका स्थानीयलाई ओहोरदोहोर गर्नमा निकै राहत भएको मोहनपुर गाउँका भलमन्सा शीतलप्रसाद डङ्गौराले राससलाई जानकारी दिए । “यहाँका जनतालाई औषधि उपचार , विद्यालय र अन्न कुटानीपिसानी जान पनि निकै समस्या थियो। जोखिम मोलेर नदी तर्नुपर्ने बाध्यता थियो”, उनले भने, “यही जेठमा पुल निर्माण भएपछि हामीलाई निकै सहज भएको छ ।”

पुल नहुँदा यहाँका जनताले ३५ वर्षसम्म हिउँदमा नदीमाथि रुखका चाक्ला र अन्य समय काठको डुङ्गाबाट आवतजावत गर्थे । यो बीचमा नेपाल रेडक्रस सोसाइटी र मर्सिकोर नामक संस्थाले काठको डुङ्गासँगै लाइफ ज्याकेट दिएपछि १२ वर्षसम्म डुङ्गाको सहारामा नदी तर्दै आइएको भलमन्सा डङ्गौराले स्मरण गरे। पुल निर्माणपछि त्यो समस्या समाधान भएको छ । पुल निर्माणपछि आवतजावतमा सहज भएको सोही गाउँका अगुवा लिखराज डङ्गौरा थारुले बताए ।



पुल नहुँदा सबैभन्दा बढी विद्यालय जाने बालबालिकालाई समस्या हुने गरेकामा अचेल भने सहज भएको स्थानीय चुनीराम डङ्गौरा थारुले बताए । “स्थानीयलाई साँझ, बिहान बजारबाट समान लिन जाँदा नदी वारपार गर्न काठको डुङ्गा प्रयोग गर्नुपर्दथ्यो । हाल पुल सञ्चालनपश्चात् आनन्दले आवतजावत गर्न सकिएको छ”, उनले भने ।

सङ्घीय सरकारको सहरी विकास मन्त्रालय स्थानीय पूर्वाधार विभागअन्तर्गत सस्पेन्सन वृज डिभिजनको तीन करोड ४३ लाखको लागतमा यहाँ झोलुङ्गे पुल निर्माण गरिएको हो । उक्त पुल निर्माणका लागि एमपी ठेगिम सनलाइट जेभी नेपालगञ्ज बाँकेसँग विसं २०७८ असोज १३ गते सम्झौता भएकामा गत वर्ष माघ १० गते पुल निर्माण सम्पन्न भएको थियो ।

# दार्चुलाको दुहु गाउँपालिकाद्वारा डाक्टर र इन्जिनियर पढ्नेलाई छात्रवृत्ति

**–पश्चिम नेपाल संवाददाता**
**धनगढी, १० भदौ**

दार्चुलाको दुहुँ गाउँपालिकाले स्थानीय विद्यार्थीलाई डाक्टर र इन्जिनियर बनाउन छात्रवृत्ति उपलब्ध गराउँदै आएको छ ।

पालिकाले कुल खर्चको ५० प्रतिशत रकम छात्रवृत्ति स्वरूप विद्यार्थीलाई उपलब्ध गराउँदै आएको छ। विसं २०७९ मा नरेन्द्रबहादुर सिंह बडाल अध्यक्षमा निर्वाचित भएपछि सुरु गरिएको यो कार्यक्रम २०८० सालदेखि नियमित रूपमा सञ्चालनमा छ ।

हालसम्म दुहुँका आठ जनाले एमबिबीएस, बीइ सिभिल र बीइ कम्प्युटर इन्जिनियरिङमा छात्रवृत्ति प्राप्त गरी अध्ययनरत छन् । छात्रवृत्ति प्राप्त विद्यार्थीले अध्ययन सकिएपछि कम्तीमा एक वर्ष गाउँपालिकामै सेवा गर्नुपर्ने व्यवस्था गरिएको छ । गाउँपालिकाबाट प्राप्त छात्रवृत्तिले छोरालाई पढाउन निकै सहज भएको अभिभावक भगवती बडालले बताउनुभयो। छोरा भुपेन्द्रको इन्जिनियरिङ पुरा गर्न कुल रु आठ लाख ५० हजार लाग्नेमा गाउँपालिकाले रु चार लाख २५ हजार छात्रवृत्तिस्वरूप दिने भएपछि पढाइमा सहज भएको उहाँको भनाइ छ । शिक्षा क्षेत्रमा थप लगानी गर्दै गाउँपालिकाले कक्षा १० सम्म पूर्ण रूपमा निःशुल्क गरेको छ ।

दुहुँ गाउँपालिकाले अनाथ बालबालिकाका लागि आवासीय अनाथालय सञ्चालन गरेर गाँस, बाँस, कपाससहित पढाइको सुविधा दिएको छ । ‘टुहुरा बालबालिका, सहारा गाउँपालिका’ कार्यक्रममार्फत १२ छात्र र तीन छात्रालाई आवासीय अनाथालय विद्यालयमा पढाइरहेको गाउँपालिकाले जनाएको छ । नेपाल रेडक्रस सोसाइटी र मर्सिकोर नामक संस्थाले काठको डुङ्गासँगै लाइफ ज्याकेट दिएपछि १२ वर्षसम्म डुङ्गाको सहारामा नदी तर्दै आइएको भलमन्सा डङ्गौराले स्मरण गरे।


प्राथमिक उपचार

उद्देश्य:
❖जीवन बचाउनु,
❖दुखाइ न्यूनिकरण गरी निको हुन सहयोग गर्नु,
❖अचेत अवस्थालाई सुरक्षित बनाइ मनोबल बढाउनु,
❖चोट वा घाउको अवस्था बिग्रन नदिनु ।

कस्तो अवस्थामा के गर्ने:
❖सफा कपडाले रगत बग्नबाट रोक्ने,
❖पोलेमा चिसो पानीले धुने र सफा चिसो कपडाले ढाक्ने,
❖अचेत भएमा श्वासप्रश्वासमा निरन्तरता दिन प्रयास गर्ने,
❖हड्डी भाँचिएमा नहल्लाइ अस्पताल लैजाने,

प्राथमिक उपचारका लागि आवश्यक पर्ने: ब्याण्डेज, टेप, सर्जिकल ग्लोभ्स ,थर्मोमिटर, कैंची तथा अन्य आधारभूत औषधिहरु घरमा राखौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड



लाईफ केयर प्याथोलोजी अब विशेषज्ञ चिकित्सक समुहको साथमा
लाईफ केयर प्याथोलोजी द्धारा विशेषज्ञ चिकित्सक समुह को साथमा

डा. केशव भट्ट
MBBS, MS Orthopedics
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. शक्ति नृसिंह यादव
MBBS, MD (Pediatric)
वरिष्ठ नवजात तथा बालरोग विशेषज्ञ

डा. प्रशान्त भट्ट
MBBS, MS (ENT)
नाक, कान, घाटी तथा थाइरोइड रोग विशेषज्ञ

डा. शोमनाथ भण्डारी
MBBS, MD/MS (Obs,Gyne)
वरिष्ठ महिला तथा प्रशुति रोग विशेषज्ञ

डा. निर्मल अमर सिंह थापा
MBBS, MS (General Surgeon)
हाइड्रोशिल, हर्निया, बावाशिर, पेट रोग विशेषज्ञ

लाईफ केयर क्लिनिक
099-590232, 9828052023, 9858650360, 9848723066 /lifecarepath



जनज्योति बहुमुखी क्याम्पस महेन्द्रनगर, कञ्चनपुर

नयाँ विद्यार्थी
भर्ना सम्बन्धि सूचना



त्रि.वि.बाट सम्बन्धन प्राप्त सुदूरपश्चिमको अग्रणी शैक्षिक संस्था
यस **जनज्योति बहुमुखी क्याम्पस महेन्द्रनगर कञ्चनपुरमा स्नातक तह प्रथम वर्ष /सेमेष्टर र कक्षा ११ मा शैक्षिक** सत्र २०८२/०८३ का लागि तपशिलका विषयमा अंग्रेजी र नेपाली दुबै माध्यममा भर्ना खुलेको व्यहोरा सहर्ष जानकारी गराइन्छ ।

तपशिल

Management 4 years
-Finance
-Accountancy
-Management

Humanities (B.A)
-English
-Rural Devlopment
-Sociology and Anthropology
-Nepali
-Economics
-Social work
-BCA It related subject

Education (B.Ed) 4 years
-English Education
-Nepali Education
- Health Education
- Education (Nepali, Math, English)
-Arts (Law)
-Management (Business and Computer)

हाम्रा विशेषताहरु
-अंग्रेजी र नेपाली दुबै माध्यममा पठनपाठन
-विद्यालय तहदेखि स्नातकोत्तर तहसम्म पढाई हुने सुदूरपश्चिमको विशाल शैक्षिक संस्था
-त्रिभुवन विश्वविद्यालयबाट सम्बन्धन प्राप्त कोर्षहरु पढाईने
-न्यूनतम शुल्कमा गुणस्तरीय अध्ययन
-जेहेन्दार विद्यार्थीलाई छात्रबृत्तिको व्यवस्था
-विद्यार्थी केन्द्रित सिकाई प्रणाली

भर्ना कार्यक्रम

BBS & B.Edm
**फाराम वितरण र भर्ना** : साउन २३ देखि भदौ १५ गतेसम्म
**कक्षा सञ्चालन** : भदौ १८ गतेदेखि
**कक्षा समय** : बिहान ६ बजेदेखि १०:४५ बजेसम्म
**भर्ना कार्यक्रम** BCA
फाराम वितरण तथा Online Entry भदौ १५ गतेसम्म
**प्रवेश परीक्षा** : भदौ २८ गते
**कक्षा सञ्चालन** : असोज २ गते बिहान ६:१५ बजेदेखि १०:४५ बजेसम्म



विस्तृत जानकारीका लागि सम्पर्क
जनज्योति बहुमुखी क्याम्पस
भाँसी कञ्चनपुर, फोन नं. ०९९-४१८१३१,९८५८७७५०८५, ९८५८७७५०९६, ९८५८७७५०८३

